(नियम ७ को उपनियम १ सँग सम्बन्धित)

वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी

२०८३/२/१२
प्रवीण विडारी
सिनियर डिभिजनल वन अधिकृत

## सार्वजनिक सूचना

### रुपन्देही जिल्लाको राष्ट्रिय वनक्षेत्र भएर बग्ने नदीहरूको संरक्षण एवं नदीजन्य सामग्रीहरूको सङ्कलन र व्यवस्थापन गर्ने हेतुले प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सम्बन्धी

### सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३/०२/१२)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | क) नामः डिभिजन वन कार्यालय, भैरहवा, रुपन्देही<br>ख) इ-मेल:dforupandehi@gmail.com वेबसाइट:dforupandehi.gov.np<br>ग) फोन नं. : ९८५७०१५१०९ |
| प्रस्तावको व्यहोरा | क) कार्यान्वयन हुने स्थान : सैनामैना, तिलोत्तमा, देवदह र कञ्चन सब डिभिजन वन कार्यालय अन्तर्गत पर्ने नदी तथा खोलाहरू ।<br>ख) चार किल्ला : पूर्वमा नवलपरासी (सुस्ता पश्चिम) जिल्ला,पश्चिममा कपिलवस्तु जिल्ला, उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा पूर्व–पश्चिम लोकमार्ग ।<br>ग) प्रस्तावबारे सामान्य जानकारी : रुपन्देही जिल्लाको वनक्षेत्रमा बग्ने इङ्गुरिया, घमाहा, बौराहा, जवई, घोडाहा, आपगैरा, बलुही, सरहन, कञ्चन, खोरमोर, त्रिशुली गरी मुख्यतः ११ वटा खोला तथा नदीहरूले वर्षेनी बगाएर ल्याउने नदीजन्य पदार्थहरूलाई दिगो एवं वातावरणमैत्री ढङ्गले के कति परिमाणमा सङ्कलन गर्न सकिन्छ र वार्षिक रूपमा निकाल्न सकिने परिमाण एकिन गर्ने ।<br>घ) लगानी : रु. ६,१८,४६५।०० (अक्षरूपी छ लाख अठार हजार चार सय पैछठ्ठी रुपैया मात्र)<br>ङ) लगानीको किसिम : सरकारी<br>च) अन्य खुलाउने : IEE का लागि प्रस्तावित ११ वटै खोला तथा नदीहरूको दीगो संरक्षण र उक्त नदीहरूले बगाएर ल्याउने नदीजन्य पदार्थहरूको सङ्कलन तथा सदुपयोग गर्दा वातावरणमा पर्न सक्ने सकारात्मक र नकारात्मक असरहरूको पहिचान गरी असरहरूको न्यूनीकरण र अनुकूलनका उपायहरू प्रतिवेदनमा सुझाव दिने प्रयोजनका लागि यो अध्ययन गर्न लागिएको हो । |
| प्रभाव पर्ने वा पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका, सैनामैना नगरपालिका, देवदह नगरपालिका, तिलोत्तमा नगरपालिका र कञ्चन गाउँपालिका आदि । |

माथि उल्लिखित प्रस्तावको IEE अध्ययन गर्ने क्रममा यस क्षेत्रको भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षमा पर्ने प्रभाव यकिन गर्न नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव भए सो लिनका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

यस सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सूचना टाँस भएको निकाय वा वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश वा निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगानाहरु:

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | क) नाम : डिभिजन वन कार्यालय, भैरहवा, रुपन्देही<br>ख) इ-मेल : dforupandehi@gmail.com वेबसाइट: dforupandehi.gov.np<br>ग) फोन नं. : ९८५७०१५१०९ |
| परामर्शदाताको नाम र ठेगाना | क) नाम : जस नेचुरल प्रा.लि., लुम्बिनी साँस्कृतिक न.पा. ७, रुपन्देही<br>ख) इ-मेल: indra.763401@hc.tu.edu.np; upadhyayrajan045@gmail.com<br>ग) फोन नं. : ९८६५५०७५९२ |

सिनियर डिभिजनल वन अधिकृत

Scanned with CamScanner